मिति २०८०/१०/२१ गते आ.ब.०८०/०८१ को नगर कार्यपालिकाको दशौं कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | वैदेशिक तालिममा सहभागी सम्बन्धमा । | • संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालयको विकास सहायता समन्वय शाखाको च.नं.२२६, मिति २०८०/०८/११ गतेको पत्रबाट ४ फेब्रुअरी २०२४ देखी १७ फेब्रुअरी २०२४ सम्म जापानमा आयोजना हुने JICA Counterpart Training on "Disaster Risk Reduction and Management System and Plan in Japan" विषयक तालिम कार्यक्रममा यस नगरपालिकाबाट नगर उपप्रमुख बसन्ती तामाङ डंगोल सहभागी हुने हुदाँ तालिमको सफलताको शुभकामना व्यक्त गर्ने । |
| २. | नापी तथा मालपोत कार्यालयसँगको सहकार्य सम्बन्धमा । | • यस नगरपालिका क्षेत्र भित्र निर्माण भएको सडक संरचनाहरु निःशुल्क रुपमा जग्गाधनीहरुको योगदानमा निर्माण भएका सडक संरचनाहरुको मालपोत लगायतका करहरु हालसम्म सम्बन्धीत जग्गाधनीहरुले नै तिर्दै आईरहेको अवस्थालाई मध्यनजर गरि सडकको क्षेत्राधिकार भित्र परेका जग्गाहरुको लगत कट्टा गर्न नापि कार्यालय, कलंकी, काठमाडौंलाई अनुरोध गर्ने ।<br>• नगरपालिका क्षेत्र भित्र रहेका कतिपय जग्गाहरुको विभिन्न समयमा नेपाल सरकारबाट गठित आयोगले वितरणगरेको जग्गाधनी प्रमाण पुर्जाहरु दोहोरो श्रेष्ता कायम रहेको भन्ने नगरबासीहरुबाट अनुरोध भई आएको हुदाँ त्यस्तो दोहोरो स्रेष्ता हटाई आयोगद्वारा वितरण गरिएको जग्गाधनी श्रेष्ता पुर्जा कायम गरिदिनु हुन मालपोत कार्यालय, कलंकी, काठमाडौंलाई अनुरोध गर्ने । |

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत